उत्तरगया गाउँपालिका

(Uttargaya Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय

## (Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)

बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)

प.स(Ref. No.) २०८२/०८३

च.न.(Dispatch No.)

मितिः२०८२/०६/२९

**दोस्रो पटक प्रकाशित मिति २०८२/०६/२९**

**उत्तरगया गाउँपालिकाको प्रशासनिक भवनका लागि जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना ।**

उत्तरगया गाउँपालिकाको प्रशासनिक काम घर बहालमा लिई बहाल घरबाट कार्यालय सञ्चालन भईरहेको व्यहोरा सर्वविदितै छ ।उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०६/०३ को बैठकको निर्णयानुसार यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि तपसिल बमोजिमको मापदण्ड पुगेको जग्गा निःशुल्क प्राप्त गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/०८ प्रकाशित १५ दिने सूचनामा जारी गरिएको सो १५ दिने सूचना अवधिभरमा कुनै निवेदन कार्यालयमा दर्ता हुन नआएकोले इच्छुक जग्गादाताहरुले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र जग्गा धनीपूर्जाको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चार किल्ला प्रमाणित प्रतिलिपि, आ.व.२०८१/०८२ को मालपोत तिरेको रसिदको प्रतिलिपि र अंशियारहरुसहितको मञ्जुरीनामा पत्र संलग्न गरी रु.१० टिकट टाँस गरी यस गाउँपालिकाको कार्यालयमा रीतपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

मापदण्डहरु

१. उत्तरगया गाउँपालिकाको वडा नं ५ स्थित नौबिसे पेट्रोल पम्प देखि बेत्रावती बजार सम्मको क्षेत्र ।

२. जग्गा एक सगोलमा कम्तीमा ६ रोपनी हुनुपर्ने ।

३. भविष्यमा गाउँपालिकालाई आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न सकिने खुला ठाउँ हुनुपर्ने ।

४. भौगोलिक, प्रशासनिक, वातावरणीय र प्राविधिक रुपले उपयुक्त हुनुपर्ने ।

२०८२/०६/२९

**होमनाथ दाहाल**

**प्रमुख प्रशासकीय अधिकृत**